श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२५ सालको ऐन नं. ७

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रताप-भास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्र-श्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपाल-तारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

भन्सार ऐन, २०१९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– भन्सार ऐन, २०१९ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाईबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "भन्सार (दोस्रो संशोधन) ऐन, २०२५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा ११ मा संशोधनः– मूल ऐनको दफा ११ को उप-दफा (३) पछि देहाय बमोजिमको उप-दफा (४) थपिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६२

(४) भारतमा स्थानीय महसूल तिरी भारतीय ल्याण्ड कष्टमबाट पास गराई ए. ग्रार. वन्. फर्मबाट पैठारी गर्दा तिरेको भन्सार महसूल फिर्ता पाउँ भनी प्रमाण सहित निवेदन गरेमा त्यस्तो महसूल बुझी लिने भन्सार ग्रड्डाले थप सरचार्ज लाग्ने भए सो कटाई फिर्ता दिन सक्नेछ ।

३. मूल ऐनको दफा १२ मा संशोधनः– मूल ऐनको दफा १२ को खण्ड (ङ) मा देहाय बमोजिमको प्रतिवन्धात्मक वाक्यांश थपिएको छः–

तर, दफा ११ को उप-दफा (४) को सम्बन्धमा भन्सार महसूल बुझाएको मितिले ३ महीना ननघाई निवेदन गर्न सकिने छ ।

४. मूल ऐनमा थपः– मूल ऐनको दफा २६ पछि देहाय बमोजिमको दफा २६ क. थपिएको छः–

२६ क. पैठारी भएको मालको प्रमाणपत्र दिनेः– भारतमा बिक्री कर लागेका माल पैठारी गर्ने व्यक्तिले त्यस सम्बन्धमा प्रमाणपत्र लिनका लागि सम्बन्धित भन्सार ग्रड्डामा दरखास्त दिएमा तोकिए बमोजिमको दस्तूर-लिई भन्सार ग्रड्डाको हाकिमले प्रमाणपत्र दिनुपर्छ ।

लालमोहर सदर मिति २०२५।५।२७।४

ग्राज्ञाले–

रमानन्दप्रसाद सिंह

श्री ५ को सरकारको का. मु. सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।